# धुलिखेल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## आन्तरिक प्रतिस्पर्धाबाट स्थायी पदपुर्तीको सूचना
मिति २०८१/१२/०५

धुलिखेल नगरपालिकाको स्वीकृत दरबन्दीमा सम्वत २०६४ साल आश्विन मसान्त सम्म नियुक्त (नियुक्त/समायोजन) भई यो सूचना प्रकाशन हुँदाका बखत सम्म अस्थायी, करार र सेवा करारमा अविछिन्नरुपमा कार्यरत कर्मचारहरुलाई धुलिखेल नगरपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धी (विशेष) ऐन, २०८१ बमोजिम पदपूर्ति समितिको मिति २०८१।१२।०३ को निर्णयानुसार देहायको पदमा सिमित आन्तरिक प्रतिस्पर्धाबाट स्थायी पदपुर्ती गर्न तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले धुलिखेल नगरपलिकाको वेभसाइट www.dhulikhelmun.gov.np बाट दरखास्त फाराम डाउनलोड गरी आवश्यक कागजात सहित धुलिखेल नगरपालिकाको प्रशासन शाखामा दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं | विज्ञापन नं | परीक्षाको किसिम | पद, तह | सेवा समूह | संख्या | दरखास्त दस्तुर | परीक्षा मिति र स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | ४/०८१।०८२ | लिखित, प्रयोगात्मक तथा अन्तर्वार्ता | अधिकृत सातौं अ.प्रा.(अधिकृत) | प्रशासन | १ | १२०० | पछि प्रकाशन हुने |
| २ | ५/०८१।०८२ | लिखित, प्रयोगात्मक तथा अन्तर्वार्ता | सहायकस्तर पाँचौं अ.प्रा.(वरिष्ठ सहायक) | प्रशासन | १ | ७०० | पछि प्रकाशन हुने |

१) परीक्षा केन्द्रः- पछि प्रकाशन हुनेछ ।

२ ) न्युनतम योग्यता :

(१) सम्वत २०६४ असोज मसान्त सम्म स्वीकृत दरवन्दीको पदमा अस्थाई वा करार नियुक्त भई हाल सम्म अविच्छिन्न सेवारत रहेको हुनु पर्नेछ ।

(२) अधिकृत, प्रशासन, सातौं तहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण ।

(३) सहायकस्तर पाचौं, प्रशासन पाचौं तहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।

(३) उम्मेदवारले पेश गर्नुपर्ने कागजातहरुः उम्मेदवार स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि दरखास्त साथ पेश गर्नुपर्नेछ ।

(क) नेपाली नागरिकताको प्रतिलिपि,

(ख) शौक्षिक योग्यताको प्रतिलिपि,

(ग) तालिम प्रमाणपत्रको प्रतिलिपि,

(घ) दरखास्त पेश गर्ने दिनसम्म सम्वत २०६४ साल आश्विन मसान्त अघि देखि हाल सम्म अविच्छिन्न सोही पदमा कार्यरत रहेको प्रमाणित कागजात ।

(४) दरखास्त दस्तुर :

दरखास्त दस्तुर नगरपालिकाको राजश्व शाखावाट नगद दाखिला गरेको रसिद बुझाउनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

(५) पेश गरेको कागज वा व्यहोरा झुटा ठहरेमा दरखास्त अस्वीकृत भई कानुन बमोजिम कारवाही समेत हुनेछ ।

(६) दरखास्त दिने अन्तिम मितिः २०८१/१२/२५ सम्म ।

(७) प्रयोगात्मक परीक्षा मिति लिखित परीक्षाको नतिजा सँगै प्रकाशन गरिनेछ ।

(८) लिखित परीक्षाको पाठ्यक्रम अधिकृतस्तर सातौंको हकमा लोकसेवा आयोगवाट लिईने प्रशासन सेवाको शाखा अधिकृत वा सो सरहको (प्रथम चरण बाहेक) पाठ्यक्रममा आधारित र सहायकस्तर पाँचौं (वरिष्ठ सहायक) को हकमा प्रदेश लोकसेवा आयोग वागमतीको सहायक पाँचौं प्रशासनको (प्रथम चरण बाहेक) पाठ्यक्रममा आधारित हुनेछ ।

(९) अन्तर्वार्ता हुने मितिः लिखित परीक्षाको नतिजा संगै प्रकाशन गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत